सुदूरपश्चिम प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
# प्रदेश पर्यटन विकास कार्यक्रम कार्यान्वयन इकाई
धनगढी, कैलाली
☎ ०९१-५२३९१५
९८५८४२४१०७

## सिलबन्दी बोलपत्र आह्वानको बिस्तृत सूचना ।
(पहिलो पटक सूचना प्रकाशित मिति : २०८२/११/१०)

मितिः २०८२/११/१२

यस इकाईको चालु आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसारका देहायका योजनाहरु सम्पन्न गर्न सिलबन्दी बोलपत्र आह्वान गरी यो सूचना अनुमोदन राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८२/११/१० गते प्रकाशन गरिएकोले इच्छुक निर्माण व्यबसायीहरुले देहायका शर्तहरुको अधिनमा रही सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र यस इकाईमा सिलबन्दी बोलपत्र पेश गर्न आह्वान गरिन्छ ।

### तपसिल

| क्र.सं. | योजनाको नाम र ठेगाना | लागत इष्टिमेट रकम रु. (लाखमा) | बोलपत्र दस्तुर रु. | बैंक ग्यारेण्टी रकम रु. |
|---|---|---|---|---|
| १ | शान्ती टोल सानो कोपिला झोलुङ्गे पूल आसपास पार्क निर्माण - लम्कीचुहा न.पा. ३ कैलाली | २० | १००० | ५०००० |
| २ | त्रिपुरा सुन्दरी मन्दिर बिश्राम गृह निर्माण, बेलौरी -६ भुरकोट, कञ्चनपुर | २० | १००० | ५०००० |
| ३ | न्यौपाने समाजको मन्दिर निर्माण, लम्कीचुहा न.पा. -४ कैलाली | १५ | १००० | ३६००० |
| ४ | कालिका मन्दिरमा पार्क निर्माण, लम्कीचुहा न. पा. -१ राजिपुर, कैलाली | १५ | १००० | ३६००० |
| ५ | कामेश्वर शिवमन्दिर चिसापानी संरचना निर्माण, लम्कीचुहा -३, कैलाली | २० | १००० | |
| ६ | दुर्गामाण्डौ तथा अनिरुद्र देवता मन्दिर पुर्वाधार निर्माण, पुचौंडी -६, कफलढुंगा-बैतडी | २० | १००० | ५०००० |
| ७ | पौराणिक लटिनाथ मन्दिर निर्माण, पुचौंडी -१, बैतडी | २० | १००० | ५०००० |
| ८ | साम्जिगाउ चाल्सालो बण्डालीदेब पिडी घेरवार तथा धर्मशाला निर्माण, कमलबजार न. पा. -१, मुली, अछाम | २० | १००० | ५०००० |
| ९ | षोडशा मन्दिर निर्माण, कमलबजार न. पा. -६, अछाम | २० | १००० | ५०००० |
| १० | षोडाशा मन्दिर निर्माण, साँफेबगर न. पा. -१, अछाम | १५ | १००० | ३६००० |
| ११ | फालासैन देखि नुवाघरसम्म पदमार्ग निर्माण, बुढीगंगा न.पा ५, बाजुरा | १५ | १००० | ३६००० |
| १२ | श्रीवण्डाली देवताको मन्दिर निर्माण, ढकारी -१, अछाम | २० | १००० | ५०००० |
| १३ | पर्यटन साँस्कृतिक तथा कृषि प्रबर्द्धन र संरक्षण कार्यक्रम लम्कीचुहा -३, कैलाली | २० | १००० | ५०००० |
| १४ | रामेश्वरनाथ मन्दिर निर्माण बर्दगागोरिया -२, कैलाली | १५ | १००० | ३६००० |
| १५ | केदारेश्वर महादेव शिवमन्दिरको भौतिक संरचना निर्माण बर्दगोरिया -१, कैलाली | १५ | १००० | ३६००० |

सुदूरपश्चिम प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
# प्रदेश पर्यटन विकास कार्यक्रम कार्यान्वयन इकाई
धनगढी, कैलाली

☎ ०९१-५२३९१२
९८५८४२४१०७

| | | | | |
|---|---|---|---|---|
| १६ | पिरुवा भवानीको मन्दिर निर्माण बर्दगोरिया -२, कैलाली | १३ | १००० | ३१००० |
| १७ | त्रिवेणीधामको भौतिक संरचना निर्माण मोहन्याल -७, कैलाली | २० | १००० | ५०००० |
| १८ | कैलाशेश्वर शिवमन्दिरमा धर्मशाला निर्माण टिकापुर -१ कैलाली | २० | १००० | ५०००० |
| १९ | प्रभुको सामाजिक धार्मिक मण्डली २ कोठे भवन निर्माण मोहन्याल -३ फल्याविसौना-कैलालि | १३ | १००० | ३१००० |
| २० | दुर्गा बेताल मन्दिर जिर्णोद्धार निर्माण मेलौली -२, डोबरा-बैतडी | १५ | १००० | ३६००० |
| २१ | लटिनाथ आबि देखि जोरपानीसम्म पदमार्ग निर्माण डिलाशैनी -२, बैतडी | १५ | १००० | ३६००० |

शर्तहरु:

१. बोलपत्रको ग्राह्यता (Eligibility) को आधार तथा त्यस्तो आधार प्रमाणित गर्न बोलपत्रदाताले देहायका कागजात पेश गर्नुपर्ने छ ।
(क) फर्म, संस्था वा कम्पनी दर्ता तथा नविकरण सहितको प्रमाणपत्रको प्रतिलिपी,
(ख) मु.अ.क. दर्ता प्रमाणपत्र, पान (PAN) प्रमाणपत्रको प्रतिलिपी,
(ग) पछिल्लो अवधिको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी
(घ) बोलपत्रदाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको प्रस्ताबित खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यबसाय सम्बन्धी कसूरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणाको सक्कल प्रति ।

२. प्रतिलिपी कागजातहरु अनिबार्य रुपमा नोटरी पब्लिकबाट प्रमाणित गरी उल्लेखित प्रमाणहरु सहितको बोलपत्र तोकिएको समय भित्र यस इकाईमा पेश गर्नुपर्ने छ ।

३. माथि उल्लेखित लागत ईष्टिमेट रकममा कर, भ्याट र कन्टेन्जेन्सि (३%) सहित समावेस गरिएको छ ।

४. Bill of Quantites मा आइटमवाइज दर रेट अङ्क र अक्षर दुवैमा लेखिएको हुनुपर्ने छ । अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ ।

५. बोलपत्रदाताको कागजातको मान्य अवधी बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट ५१ दिनको हुनेछ । बोलपत्रदाताले माथि उल्लेखित रकममा नघटाइ नगद वा मान्यता प्राप्त बाणिज्य बैंक वा वित्तिय संस्थाबाट यस इकाईको नाममा जारी गरेको बोलपत्रको कागजातको मान्य अवधि भन्दा कम्तिमा ३० दिन बढी अवधिको बैंक ग्यारेण्टी (बीडबण्ड) को सक्कल प्रति पेश गर्नुपर्ने छ । नगद जमानतको लागि प्र.को.ले.नि.का.को राष्ट्रिय बाणिज्य बैंकमा रहेको धरौटी खाता नं. ४१७०१००२०२०३००००, कार्यालय कोड नं. ३०७०००७७०२७ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्ने छ ।

६. बोलपत्र खरिद दस्तुर बापत रु. १००० (एक हजार) जम्मा गरेको बैंक भौचर पेश गरी यस इकाईबाट बोलपत्र खरिद गर्न सकिनेछ ।

७. एक फर्मको नामबाट खरिद गरिएको बोलपत्र फाराम अर्को फर्मको नामबाट दाखिला गर्न पाइने छैन ।

८. एकल वा संयुक्त उपक्रमको रुपमा पाँचवटा सम्झौता गरी सो सम्झौता बमोजिमको कार्य सम्पन्न गर्न बाँकी रहेका निर्माण व्यबसायीले निर्माण कार्यको लागि आह्वान गरिएको बोलपत्र प्रक्रियामा एकल वा संयुक्त उपक्रमको रुपमा भाग लिन पाउने छैन । निर्माण व्यबसायीले अन्य सार्बजनिक निकायमा बोलपत्र दाखिला गरेको भए पाँचौ बोलपत्र स्वीकृत भएको जानकारी प्राप्त गरेको मितिले ३ दिन भित्र यस इकाईलाई लिखित जानकारी गराउनु पर्नेछ ।

९. बोलपत्र दाखिला गर्ने अन्तिम मितिको ५:०० बजे सम्म यस इकाईको कार्यालयमा सिलबन्दी बोलपत्र दाखिला गरी सक्नु पर्नेछ, र सोको दोश्रो दिन साझं ५:०० बजे उपस्थित बोलपत्रदाताको रोहबरमा सिलबन्दी बोलपत्र इकाई कार्यालयमा खोलिने छ । बोलपत्र फिर्ता वा संसोधन गर्न चाहेमा बोलपत्र दाखिला गर्ने अन्तिम मिति तथा समय भन्दा कम्तिमा २४ घण्टा अगावै निबेदन दर्ता गराउनु पर्नेछ ।

Email : ptdpiu7@gmail.com

सुदूरपश्चिम प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

# प्रदेश पर्यटन विकास कार्यक्रम कार्यान्वयन इकाई

धनगढी, कैलाली
☎ ०९१-५२३९१५
▪ ९८५८४२४१०७

१०. सिलबन्दी बोलपत्र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोकव लगत्तै कार्यालय खुलेको दिन तोकिएको समयमा दाखिला गर्न सकिने छ, र सोको दोश्रो दिन तोकिएको समयमा नै बोलपत्र खोलिने छ ।

११. यस सूचनामा उल्लेखित शर्त पालना नभएको, म्याद नाघि प्राप्त भएको, कुनै शर्त राखेको, दस्तखत तथा छाप नभएको, हुलाक, कुरियर र इन्टरनेटबाट पठाइएको बोलपत्रलाइ मान्यता दिइने छैन ।

१२. कुनै पनि बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस इकाईमा सुरक्षित रहनेछ ।

१३. यस सूचनामा उल्लेखित गरिए बाहेक अन्य कुराहरु सार्बजनिक खरिद ऐन, २०६३ र सार्बजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

१४. थप जानकारीको लागि कार्यालय समय भित्र इकाईमा वा ०९१-५२३९१५ मा सम्पर्क गर्न सकिने छ ।

Email : ptdpiu7@gmail.com